**दोगडाकेदार गाउँपालिका**
बैतडी, प्रदेश नं. ७, नेपाल

# दोगडाकेदार गाउँपालिकाको राजपत्र

**दोगडाकेदार गाउँपालिकाबाट प्रकाशित**

**खण्डः २  संख्याः २  सम्बत् २०७५ असार ३१ गते**

## भाग-१

## दोगडाकेदार गाउँपालिका

## <u>आर्थिक ऐन, २०७५</u>

नेपालको संविधानको धारा २२८ ले दिएको अधिकार प्रयोग गरि दोगडाकेदार गाउँपालिकाको गाउँसभालेआर्थिक वर्ष २०७५/०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नका लागि **आर्थिक ऐन, २०७५** स्वीकृत गरि सर्वसाधारणको जानकारिको लागी प्रकाशन गरिएको छ ।

# दोगडाकेदार गाउँपालिका
## आर्थिक ऐन, २०७५

गाउँसभाबाट स्वीकृत मिति : २०७५।०३।३०
परमाणिकरण मिति : २०७५।०३।३१

**प्रस्तावना :** दोगडाकेदार गाउँपालिकाको आर्थिक वर्ष २०७५/७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ बमोजिम दोगडाकेदार गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**(१) यस ऐनको नाम **"आर्थिक ऐन, २०७५"** रहेको छ।
   (२) यो ऐन २०७५ साल श्रावण १ गते देखि दोगडाकेदार गाउँपालिका क्षेत्रमा लागू हुनेछ।

२. **सम्पति करः**गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ।

३. **भूमिकर (मालपोत):**गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भुमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ।

४. **घर वहाल करः**गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल उपर गरिनेछ।

५. **व्यवसाय करः**गाउँपालिका क्षेत्रभित्र व्यापार वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४)क र (४)ख बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः**गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले उन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड,सिङ,प्वाँख,छाला जस्ता बस्तुको व्यवसायिक कारोबार गरे बापत अनुसूचि (५) बमोजिम कर लगाइने र असूल उपर गरिनेछ।

७. **सवारी साधन करः**गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असूल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

८. **विज्ञापन कर**:गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन कर**:गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्क**:गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) उल्लेख भए बमोजिम हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्क**:गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग,बन्जीजम्पिङ्ग, जिपफ्लायफ्टीङ्ग शुल्कः** गाउँपालिका क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेबापत अनुसूचि (११) बमोजिम शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुर**:गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूचि (१२) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **प्राकृतिक श्रोत साधन बिक्रि शुल्क** :गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको प्राकृतिक श्रोत साधन विक्रि गरेवापत अनुसूची (१३) अनुसार शुल्क लगाउने र असूल उपर गरिनेछ ।

१५. **सरकारी सम्पत्ती प्रयोगबाट प्राप्त हुने आय**:गाउँपालिकाले आफु सँग भएको सम्पत्ती प्रयोग गर्न दिदा अनुसूची (१४) बमोजिम शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१६. **प्रशासनिक शुल्क तथा दण्ड जरिवाना** :गाउँपालिकाले आफ्नो क्षेत्रभित्र अनुसूचि (१५) बमोजिम प्रशासनिक शुल्क तथा दण्ड जरिवाना लगाइने र असूल उपर गरिनेछ ।

१७. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

**१८. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

## अनुसूचि - १

**घरधुरी कर**

गाउँपालिका क्षेत्र भित्र प्रत्येक पक्की तथा कच्ची घरहरुमा तपसिल बमोजिम घरघुरी कर लाग्नेछ ।

| क. सं. | घरको प्रकार | दस्तुर रु. | कैफियत |
|---|---|---|---|
| १ | कच्ची घर भुईतले | १००.०० | |
| २ | कच्ची घर एकतले | १५०.०० | |
| ३ | कच्ची घर दुईतले र सोभन्दा माथी | २००.०० | |
| ४ | पक्की घर भुईतले | २००.०० | |
| ५ | पक्की घर एकतले | ३००.०० | |
| ६ | पक्की घर दुईतले र सोभन्दा माथी | ५००.०० | |

## अनुसूची - २

**मालपोत ( जग्गा तिरो ) कर :**

| क. सं. | जग्गाको प्रकार | एकाई | दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|
| १ | पाखो तर्फ | प्रति रोपनी | ७.०० | न्युनतम रु ५०।०० |
| २ | खोत तर्फ | प्रति रोपनी | १०.०० | |

## अनुसूची - ३

**घर वहाल कर :** गाउंपालिका भित्र रहेका घर, टहरा आदि भडामा प्रयोग गरेवाफत घरधनिले १० प्रतिसत घर बहाल कर गाउएँपालिका लाई तिर्नु पर्ने छ। तर घर बहाल कर नेपाल सरकार लाई बुझएको घर धनिको हकमा यो दफा लागु हुने छैन ।

## अनुसूची - ४

**ब्यवसाय कर :**

| क. सं. | ब्यवसायको नाम | दस्तुर रु. | कैफियत |
|---|---|---|---|
| १ | दैनिक उपभोग्य खाद्य पदार्थ बेच्ने किराना पसलको दार्ता सिफरिस शुल्क | १०००.०० | |
| २ | दैनिक उपभोग्य खाद्य पदार्थ बेच्ने किराना पसलको नविकरण शुल्क | ५००.०० | |
| ३ | थानकपडा, रेडिमेट कपडा, श्रृगार समानहरु बिक्रिगर्ने पसलको दार्ता सिफरिस | १५००.०० | |

| | | | |
|---|---|---|---|
| | शुल्क | | |
| ४ | थानकपडा, रेडिमेट कपडा, श्रृगार समानहरु बिक्रिगर्ने पसलको नविकरणशुल्क | ७५०.०० | |
| ५ | हर्डबेयर, ईलेक्ट्रीक तथा ईलेक्ट्रोनिक्स समान बेच्ने पसल दार्ता सिफरिस शुल्क | २५००.०० | |
| ६ | हर्डबेयर, ईलेक्ट्रीक तथा ईलेक्ट्रोनिक्स समान बेच्ने पसले नबिकरण सिफरिस शुल्क | १२५०.०० | |
| ७ | लुगा सिउने, कपाल कट्ने, फोटो खिच्ने वा यस्तै प्रकृतिका सेवामुलक व्यवसायको दर्ता सिफारिस शुल्क | ५००.०० | |
| ८ | लुगा सिउने, कपाल कट्ने, फोटो खिच्ने वा यस्तै प्रकृतिका सेवामुलक व्यवसायको नविकरण सिफारिस शुल्क | २५०.०० | |
| ९ | औषधी पसल दर्ता सिफारिस शुल्क | २०००.०० | |
| १० | औषधी पसल नविकरण सिफारिस शुल्क | १०००.०० | |
| ११ | होटेल, लज, रेष्टुरेन्ट लगायत यस्तै प्रकृतिका व्यवसायको दर्ता सिफारिस शुल्क | २५००.०० | |
| १२ | होटेल, लज, रेष्टुरेन्ट लगायत यस्तै प्रकृतिका व्यवसायको नविकरण सिफारिस शुल्क | १०००.०० | |
| १३ | ईन्धन तथा यस्तै प्रकृतिका व्यवसायको दर्ता सिफारिस शुल्क | २५००.०० | |
| १४ | ईन्धन तथा यस्तै प्रकृतिका व्यवसायको नविकरण सिफारिस शुल्क | १२५०.०० | |
| १५ | वर्कसप दर्ता सिफरिस शुल्क | १५०.०० | |
| १६ | वर्कसप नविकरण सिफरिस शुल्क | ७००.०० | |
| १७ | स्टेसनरी तथा खेलकुद समाग्रीको व्यवसाय दर्ता सिफरिस शुल्क | २५००.०० | |
| १८ | स्टेसनरी तथा खेलकुद समाग्रीको व्यवसाय नविकरण सिफरिस शुल्क | १२५०.०० | |
| १९ | गैर सरकारी संघसंस्था दर्ता सिफरिस शुल्क | २५००.०० | |
| २० | गैर सरकारी संघसंस्था नविकरण शुल्क | १०००.०० | |
| २१ | घरेलु ताथा साना उद्योग दर्ता सिफरिस शुल्क | २५००.०० | |
| २२ | घरेलु ताथा साना उद्योग नविकरण सिफरिस शुल्क | १२५०.०० | |
| २३ | फर्निचर तथा काष्ठ उद्योग दार्ता सिफारिस शुल्क | ५०००.०० | |
| २४ | फर्निचर तथा काष्ठ उद्योग नबिकरण सिफारिस शुल्क | १०००.०० | |
| २५ | मासु जन्य पसल दार्ता सिफरिस शुल्क | १०००.०० | |
| २६ | मासु जन्य पसल नविकरण सिफरिस शुल्क | ५००.०० | |

क) माथी उल्लेखीत भएको व्यवसायहरुमा सोही अनुसार र नभएको हकमा राजश्व परमर्श समितिको सिफारिसमा गाउँपालिकाको बोर्ड बैठकबाट निर्णय गरी कर निर्धारण गरिने छ ।

ख) कुनै एक व्यवसायको ईजाजत लिई अन्य व्यवसाय समेत थप गरी व्यवसाय संचालन गरेको हकमा माथि उल्लेखित दरको प्रत्येक व्यवसायमा ५० प्रतिसत ले हुने रकमथप व्यवसाय कर लिने ।

ग) चालु आ.व. भित्र असुल नभई अर्को आ.व. भित्र असुल गर्दा ३० प्रतिसत थप बिलम्ब शुल्क सहित असुल गसरिने छ। चालु आ.ब. अगाबै कुनै लाग्ने शुल्क वा कर अग्रिम भुक्तानी गरेमा ५ प्रतिसत छुट दिने।

घ) आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिना भित्र ब्यवसाय नबीकरण गरिसक्नु पर्ने छ।

## अनुसूचि - ५

**जडिबुटी, कवाडी र जिबजन्तु सम्बन्धी कर :**

| क. सं. | विवरण | इकाई | प्रति ईकाइ दर रु. | कैफियत |
|---|---|---|---|---|
| | **बन जन्य कर** | | | |
| १ | खोटो | के.जि. | २.०० | |
| २ | सल्लाको गोलिया काठ | क्युविक फिट | १०.०० | |
| ३ | सल्लाको चिरानी काठ | क्युविक फिट | १२.०० | |
| ४ | टुनी काठ | क्युविक फिट | १०.०० | |
| ५ | अन्य प्रजातिका दाउरा /काठ | प्रति ट्रक रु. | १००.०० | |
| ६ | खरी ढुंगा (सिमेन्टको बोरा) | प्रति कट्टा रु. | ५.०० | |
| | **जडिबुटि तर्फ** | | | |
| १ | रिठा | प्रति के.जी | ०.५ | |
| २ | दालचिनीका पात | प्रति के.जी. रु. | १.०० | |
| ३ | दालचिनीका बोक्रा | प्रति के.जी. रु. | २.०० | |
| ४ | सिमझडा (सूगन्धवाल) | प्रति के.जी. रु. | २.०० | |
| ५ | टिमुर | प्रति के.जी.रु. | ५.०० | |
| ६ | काउलाको बोक्रा | प्रति के.जी.रु. | २.०० | |
| ७ | अन्य (काफलको बोक्रा, ऐसेलूको, त्रिखूलाको बोक्रा | प्रति के.जी. रु. | ५.०० | |
| ८ | निजिटो | प्रति के.जी. रु. | १०.०० | |
| ९ | सिलपरे | प्रति के.जी. रु. | ५.०० | |
| १ | **कांचो छाला (मृत रांगा, भैसी, गाई गोरु)** | प्रति गोटा रु. | ५०.०० | |
| | **कृषि तथा पशूजन्य निकासी तर्फ** | | | |
| १ | आलु सहित सबै प्रकारका तरकारीमा | प्रति क्वीन्टल रु. | २५.०० | |
| २ | सवै प्रकारका फलफूलहरुमा | प्रति क्वीन्टल रु. | २५.०० | |
| ३ | भटमास/मकै/दाल गेडागुडीमा | प्रति क्वीन्टल रु. | ५०.०० | |
| ४ | अर्गानिक आलू | प्रति क्वीन्टल रु. | १००.०० | |

| | | | | |
|---|---|---|---|---|
| | **पशुजन्य** | | | |
| १ | रांगा/भैसी | प्रति जिउ (गोटा) रु. | ५००.०० | |
| २ | गाई/गोरु | प्रति जिउ (गोटा) रु. | २००.०० | |
| ३ | खसी/बोका/भेडा बाखा | प्रति जिउ (गोटा) रु. | १००.०० | |
| ४ | घिउ | प्रति के.जी. रु. | ५.०० | |
| ५ | मह | प्रति के.जी. रु. | ५.०० | |
| ६ | उखूको गूड | प्रति के.जी. रु. | ५.०० | |
| | **ढूंगा, गिट्टी बालूवा निकासी** | | | |
| १ | प्रति टिपर | | ८००.०० | |
| २ | प्रति ट्रक | | ५००.०० | |
| ३ | प्रति टेयाक्टर | | ३५०.०० | |
| | प्रति मिनिट्रक | | २५०.०० | |
| ४ | प्रति पिकप भ्यान | | २००.०० | |
| दोगडा केदार गाउंपालिका भित्र उत्पादन भै निकासि हूने माथि उल्लेखीत बाहेक अन्य बस्तूको हकमा गाउंपालिकाको कानून बमोजिम हूने छ । | | | | |

## अनुसूचि - ६

**सवारी कर**

केन्द्र वा प्रदेशमा सवारी साधन दर्ता तथा अनुमति लिएका सबै प्रकारका सवारी साधनहरु दोगडा केदार गाउँपालिका क्षेत्र भित्र नियमित रुपमा सञ्चालन गर्दा गाउँपालिकामा अनिवार्य अभिलेखीकरण गरी सञ्चालनको अनुमती लिनु पर्ने छ । गाउँपालिका बाट अनुमति लिएका सवारी साधनले निम्न वर्षिक शुल्क बुझउनु पर्ने छ ।

| क. सं. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | बस, ट्रक, लरी र अन्य हेभी गाडी | १०००.०० | |
| २ | भडाका ट्याकटर, कार, जिप | ३००.०० | |
| ३ | भाडाको टेम्पो | १००.०० | |
| ४ | भाडाको मिनिबस | ७००.०० | |
| ५ | ट्याक्टर | १०००.०० | |
| ६ | नीजि कार, टेम्पो र मिनिबस | २००.०० | |
| ७ | स्कुटर, मोटरसाईकल तथा अन्य सवारी साधन | १००.०० | |

गाउँपालिकामा दर्ता नभएका कुनैपनि सवारी साधनको दुर्घटना, बिमा वा अन्य किसिमको सिफारिश लिंदा माथि उल्लेखीत सवारी साधन दर्ता शुल्कको दोब्बर शुल्क लिई सिफारिश प्रदान गरिने छ।

## अनुसूचि - ७

**होडिङ बोर्ड सेवा शुल्क निम्न अनुशार लगाईने छ :**

क) प्रर्ति वर्गाफिट रु १०।-

ख) अन्य वस्तुको बिज्ञापन प्रर्ति वर्गफिट रु ५०।-

ग) सार्वजनिक स्थानमा ब्यानर टाँगेमा प्रर्ति मिटर ७ दिन सम्म रु १०।- र सोपछी प्रर्तिदिन थाप रु ५।-

घ) १ मिटर र १ बर्ग फिट सम्मको बिज्ञापन १ महिना सम्मको प्रतिदिन रु १।- र सो भन्दा बढी राख्नु परेमा प्रतिदिन रु. २।-

ङ) आफ्नो व्यवसाय परिचयको लागी १५ स्क्वार फिट सम्म १ थान बोर्ड व्यवसायिले आफ्नो पसल वा ब्यवसाय रहेको भित्ता पर्खाल वा अगाडीको भागमा राख्न पाउने छन र १ भन्दा धेरै बोर्ड राख्नु परेमा माथिको दररेटमा सम्बन्धित ब्यवसायिले बिज्ञापन कर वाफत बुझाउनु पर्ने छ ।

## अनुसूचि - ८

**मनोरञ्जन कर :**

क) सिनेमाहल वा भिडियो हलहरुमा प्रवेश शुल्कको ३ प्रतिसत का दरले मनोरञ्जन कर असुल गरिने छ। चालु आ. व. भित्र असुल नभएको अर्को वर्ष थप ५ प्रतिसत थप गरी असुल गरिने छ।

ख) जादु, सर्कस, चटक आदि अनुमति बिनाप्रवेश गर्न नदिईने। यस्ता मेला प्रदर्शनिहरुको अनुमति दिँदा प्रति दिन रु ५००।- शुल्क लिईने छ।

## अनुसूचि - ९

**बहाल बिटौरी कर :**

गाउँपालिका क्षेत्रभित्रमा निमार्ण, रेखदेख वा सञ्चालन गरेको हाटबजार र सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटो छेउमा अस्थायी पसल वा व्यवसाय गर्न दिएवाफत प्रति वर्गफिट बर्षिक रु २०0।- बहाल बिटौरी कर असुल गरिने छ ।

## अनुसूचि - १०

**पार्कीङ्ग शुल्क :**

क) मोटर साईकलको लागी पहिलो २ घण्टाको लागि रु ५।- र सो भन्दा बढीको लागि रु. १०।-

ख) हलुका सवारी साधनको लागी पहिलो २ घण्टाको लागि रु १५।- र सोभन्दा बढीको लागि रु. २०।-

ग) ट्यकटरको लागी पहिलो २ घण्टाको लागि रु १५।- र सो भन्दा बढीको लागि रु. २५।-

घ) हेभि सवारी साधनको लागी पहिलो २ घण्टाको लागि रु २५।- र सो भन्दा बढीको लागि रु. ४०।-

## अनुसूचि - ११

गाउँलिकाले आफ्नो क्षेत्रभित्र ट्रभल एजेन्सी फन पार्क, ग्लाईडिङ्ग, वाटर ऱ्यफ्टीङ, ट्रेकिङ, पदयात्रा जस्ता व्यवसाय संचालनमा गाउँपालिकाको कानून बमोजिम शुल्क लाग्ने छ ।

## अनुसूचि - १२

**अचल सम्पत्ति मूल्य :**

क) सम्पत्ति मुल्यङ्कन तथा श्रोत प्रमाणित प्रति हजार रु १।-

**बिभिन्न प्रकारका सिफारिस दस्तुर :**

क) जग्गा दर्ता सिफरिस निबेदन फारम र निबेदन दर्ता दस्तुर समेत एकमुष्ट रु. ५००।-

ख) जग्गा नामसारी सिफरिस निबेदन दर्ता र निबेदन फारम र मुचुल्का समेत एकमुष्ट रु ५००।-

ग) मोही दर्ता तथा मोही सिफरिस निबेदन दर्ता र निबेदन फारम समेत एकमुष्ट रु ५००।-

**बिभिन्न प्रकारका व्यवसाय, घरेलू उद्योग दर्ता तथा सिफारिस निबेदन दर्ता शुल्कः**

क) डिलर लिने सिफारिस रु. ५०००।- (अनुसूची फारम निबेदन दर्ता समेत)
ख) नगरिक्ता सिफारिस रु. १००।- (अनुसूची फारम निबेदन दर्ता समेत)
ग) नागरिक्ताको प्रतिलिपि लिन सिफारिस रु. १००।-(अनुसूची फारम निबेदन दर्ता समेत)
घ) अंगिकृत नागरिक्ता सिफारिस रु. ५००।- (अनुसूची फारम निबेदन दर्ता बहेक)
ङ) धारा, बिजुली जडान सिफारिस रु. १००।- (अनुसूची फारम निबेदन दर्ता समेत)
च) काठ कटान, निकासि गर्न सिफारिस रु. ४।- प्रति कि. बि.
छ) प्रतिलिपी प्रतिलिपी प्रमाणीत दस्तुर ५।- प्रति पाना
ज) चार किल्ला प्रमाणित १ कित्ता सम्म रु. २००।- र सो भन्दा माथि प्रति कित्ता थप रु ७५।-
झ) घरबाटो भए नभएको प्रमाणीत रु. २००।- (अनुसूची फारम निबेदन दर्ता समेत)
ञ) अन्य कागजातको प्रतिलिपी दस्तुर रु. २०।- प्रति पन्ना
ट) घर जग्गा छुट्याउन अमिन फिल्ड जनु पर्दा प्रर्तिदिन रु. १२००।-
ठ) सञ्चार टावर स्विकृती सिफारिस रु. ६०००।-
ड) अस्थाई प्रकृतीको निर्माण स्विकृती निबेदन फारम प्रति गोटा रु. १००।-
ढ) नाता प्रमाणीत रु. १००।-
ण) अंग्रेजिबाट गरिने जुनसुकै प्रकारका सिफारिसको प्रर्ति सिफारिस रु २००।-
(जन्म प्रमाणित, बिवाह प्रमाणित, कर चुक्ता आदि)
त) निजि स्तरका बिद्यालय स्थापना तथा तहबृद्धी सम्बन्धी सिफारिस गर्दा माध्यमिक बिद्यालयको लागी ५०००।- र आधारभूत तहत तहको लागी रु. १५००।-
थ) सामुदायिक सरकारी बिद्यालयको तहबृद्धी सम्बन्धी सिफारिस रु. ५००।-
द) गाउँपालिकाको स्वामित्वमा रहेका पिच सडक काट्नु परेमा स्विकृतिका लागी रु. ५०००।-

## अनुसूचि - १३

**बन्दुक लाईसेन्स नबिकरण दस्तुर :**

| क. सं. | विवरण | इकाई | प्रति ईकाइ दर रु. | कैफियत |
|---|---|---|---|---|
| १ | एकनाले | थान | २५०.०० | |
| २ | दोनाले | थान | ५००.०० | |

म्याद भित्र नबिकरण नगरेमा दोब्बर दस्तुर लाग्ने छ ।

## अनुसूचि - १४

**ईजाजत पत्र दस्तुर :**

| क. सं. | विवरण | इकाई | प्रति ईकाइ दर रु. | कैफियत |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | घ वर्गको ईजाजत पत्र निर्माण बापत | | ३००००.०० | |
| | घ वर्गको ईजाजत पत्र नवीकरण ( म्याद भित्र) | | ३०००.०० | |
| | घ वर्गको ईजाजत पत्र नवीकरण ( म्याद बाहिर) | | ५०००.०० | |
| | घ वर्गको ईजाजत पत्र नामसारी | | ५०००.०० | |
| | घ वर्गको ईजाजत पत्र ठाउंसारी | | ५०००.०० | |
| | घ वर्गको ईजाजत पत्र प्रा.लि.मा दर्ता | | ५०००.०० | |
| | घ वर्गको ईजाजत पत्र प्रतिलिपी | | ५००.०० | |

**अनुसूचि - १५**

**स्काभेटर :**

| क. सं. | विवरण | इकाई | प्रति ईकाइ दर रु. | कैफियत |
|---|---|---|---|---|
| १ | स्काभेटर भाडा (बकेट) | घण्टा | ३०००.०० | |
| २ | स्काभेटर भाडा (ब्रेकर) | घण्टा | ३६००.०० | |

**अनुसूचि - १६**

**बिविध :**

| क. सं. | विवरण | इकाई | प्रति ईकाइ दर रु. | कैफियत |
|---|---|---|---|---|
| १ | समुह दर्ता | | १०००.०० | |
| २ | समुह नविकरण | | ५००.०० | |
| ३ | सहकारी दर्ता शुल्क | | २५००.०० | |

आज्ञाले,

नाम :- भोजराज श्रीपाइली

प्रमुख प्रशासकीय अधिकृत